# सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल


प.सं. :२०८२/०८३
च.नं. : २०३१

सिम्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश नेपाल २०७३

विषयः स्तरवृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।२४)

प्रस्तुत विषयमा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २६ मा स्तरवृद्धि सम्बन्धी व्यवस्था भएको र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन को दफा २६(क) तथा नियमावली २०८१ को परिच्छेद-६ को नियम २९ मा समेत स्तरवृद्धि सम्बन्धी व्यवस्था भए अनुसार स्तरवृद्धिका लागि ऐन, नियमावलीमा तोकिए बमोजिमको योग्यता पुगेका यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूले नियमावलीको अनुसूची-१८ बमोजिमको फाराम भरी तपसिलका कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालय समयमा यस कार्यालयको प्रशासन शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. सक्कल निवेदन
२. नियमावलीको अनुसूची-१८ बमोजिमको आवेदन फाराम
३. स्थायी नियुक्ति/बढुवा नियुक्ति पत्र
४. समायोजन हुनेको हकमा समायोजन पत्र
५. स्तर वृद्धि हुने पद भन्दा एक तह मुनीको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाण-पत्रको प्रतिलिपि
६. सेवा अवधि पुरा भएको प्रमाणित गर्ने वैयक्तिक विवरण पत्र
७. पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम
८. हालसम्म विभागीय सजाय/कारबाही नपरेको तथा प्रचलित कानून बमोजिम स्तरवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा पत्र।

(धनीराम शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत


E-mail: simtagaupalikaskt@gmail.com मो.नं. ९८५८०७७५०० Website: www.simtamun.gov.np

"शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, कृषि र प्रविधि: दिगो विकास, सुशासन सिम्तालीको समृद्धि"